नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २६० २०८२ साल जेठ ७ गते बुधबार (21 May 2025 Wednesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : सरकारलाई योजना छान्न ... ३ पृष्ठमा : भूमिसमस्या समाधानका लागि ... ३ पृष्ठमा : गाजामा इजरायली ...

# फोनबाटै "तलाक" पाएकी सनिजालाई छोरासहित निर्घात कुटपीट

**दैनिक समाचारदाता**
**राजविराज, ६ जेठ ।**

श्रीमानले फोनबाटै ९ महिना अघि "तलाक" दिएका एक महिला विवाहदर्ता र नागरिकताका लागी संघर्षरत रहेको अवस्थामा पछिल्लो पटक आफ्नै सासु र नन्दबाट कुटिएर थप पीडामा परेकी छिन् ।

सासु र नन्दबाट उनी मात्र नभई उनका दुई वर्षिय काखे छोरा समेत कुटिएका छन । सप्तरीको डाक्नेश्वरी नगरपालिका ७ ब्रह्मपुर सिघिँया टोलकी २२ वर्षिया सनिजा खातुन र उनका २ वर्षिय छोरा फैजान यसरी कुटपीटबाट घाइते भएका हुन् ।



उनीहरुको विगत तीन दिनदेखी स्थानीय गजेन्द्र नारायण सिह अस्पतालमा उपचार भईरहेको छ । अस्पतालको आकस्मिक कक्षको १४ नं बेडमा भर्ना भई उपचाररत सनिजाले आफू र छोरालाई सासु आयशा खातुन र नन्द मरियम खातुनले कुटपिट गरेको बताएकी छिन ।

उनका श्रीमान मो.आकुब विगत दुई वर्षदेखी रोजगारीका सिलसीलामा हाल कतारमा छन । सासु र नन्दले श्रीमान आकुबलाई झुटो कुरा पुर्‍याएर तलाकको अवस्थामा समेत पुर्‍याई दिएको उनले पीडा पोखेकी छिन । विवाह दर्ता र नागरिकता बनाई दिन पटक/पटक आग्रह गर्दा आफुमाथी यसरी शारिरीक र मानसिक यातना दिन थालिएको उनले बताइन् ।

उनले सासु र नन्द मिलेर आफुलाई घर निकाला गर्न अनेकौ प्रकारका दु:ख: दिन थालेको सुनाईन । पछिल्लो पटक कुटपीट मात्र गरेनन, आफुले प्रयोग गर्ने घरको एक मात्र शौचालयमा समेत बालुवा गिट्टी भरेर शौचालका लागी खुल्ला चउर मा जान बाध्य बनाए, उनले भनिन ।

उक्त घरमा सनिजा एक्लै वस्दै आएकी छिन । सासु भने गाउँ मै अर्को टोलमा रहेको छोरी मरियमको घरमा वस्दै आएको उनले सुनाईन ।

भारतको विहार राज्य कुनौली ग्रामपञ्चायत डगमारा माइती भएकी सनिजाको २०७८ साल चैत्र ८ गते मो. आकुब संग मुस्लिम धर्म परम्परा अनुसार मौलानाको उपस्थितीमा विवाह ( निकाहनामा) सम्पन्न भएको थियो । छोरीको विवाहमा आफुहरुले खेती योग्य जग्गा बेचेर नगद ५ लाख सहित १५ लाख रुपैया खर्च गरेको सानी आमा नाजोले सुनाईन

मंगलवार अस्पताल परिसरमा संचारकर्मीहरु संग कुरा गर्दै आमा नजिराले भनिन "सासु आयशा र नन्द मरियम कै कारण छोरीलाई सम्बन्ध विच्छेद र कुटपीट गरी जीवन मरणको दोसाँधमा पुर्‍याइएको छ, अब कति सहनु ?"

उपचारका लागी काखे छोरा सहित अस्पताल भर्ना रहेकी सनिजाले विवाहको ३ वर्ष भन्दा बढी भइसक्दा पनि श्रीमानले विवाह दर्ता र नागरिकता न बनाई दिएको र सो बनाइ दिन फोनबाट पहलका लागी आग्रह गर्दा "किन हतार गरेको" भन्दै रिसाउने गरेको सुनाईन ।

सनिजाले विवाह भएपछी विवाह दर्ता र सन्तान जन्मिए पछि जन्म दर्ता गराई दिन माग गर्नु स्वभाविक भएपनि श्रीमान, सासु र नन्दले यसलाई अपराध गरे झै लिएको पीडा पोखीन ।

उनले गत मंसिर १९ गते साँझ आफु गाउँको एक आफन्तको बैवाहिक कार्यक्रममा सरिक हुन गएका बेला नन्द मरियमले कोठामा रहेको दराजबाट सुनको सिक्री, टिका, नथुनी, औंठी गरी करिब ५ तोला र चाँदीको १० तोलाको विभिन्न गरगहना चोरी गरी लगेको र सो बारे इलाका प्रहरी कार्यालय पातो हुँदै जिल्ला प्रहरी कार्यालय सम्म पुगेर उजुरी दिएको बताईन ।

उजुरी मार्फत घरमा चोरी गर्ने तथा आफुलाई तलाक सम्मको अवस्थामा पुर्‍याउनेहरुमाथी ठगी तथा आपराधीक विश्वासघात मुद्दा अन्तर्गत कारवाही हुनु पर्ने माग समेत गरेकी छिन । तर अहिले सम्म न्याय पाउन नसकेको उनको गुनासो छ । सनिजा संग अन्याय भएको भनेर ब्रह्मपुर टोलका मुस्लिम अगुवाहरुले साथ दिईरहेपनि हिंसा गर्नेहरुमाथी अहिले सम्म कुनै कारवाही नभएको आमा नजिराले पीडा पोखेकी छिन ।

छोरी सनिजामाथी लगातार एक पछि अर्को हिंसा र तलाकको कुरा आएपछी आफुले सप्तरी जिल्ला अदालतमा अंश र मानाचामल मुद्दा हालेको बताउँदै उनले ज्वाईले छोरीलाइ फोनमार्फत दिएको तलाकनामा फिर्ता तथा उनी संगै सुरक्षित साथ वस्ने वातावरण मिलाई दिन पनि सम्बद्ध सरोकारवाला निकाय संग आग्रह गरेकी छिन । उनले छोरीलाई दु:ख दिने विरुद्ध प्रहरीमा उजुरी हालेपछि पीडकलाई पक्राउ गर्ने आश्वासन पाइए पनि हाल सम्म उनीहरुलाई पक्राउ नगरिएको गुनासो समेत गरेकी छिन ।

यता सनिजाकी सासु आयशाले घरायसी विवादमा झै झगडा हुदाँ आफुलाई समेत चोट पटक लागेको दाबी गरेकी छिन । उनले सनिजाले प्रयोग गर्ने शौचालयमा आफुहरुले बालुवा गिट्टी हालेर अबरुद्ध पार्ने कुनै प्रयास नगरेको दाबी समेत गरेकी छिन ।

उक्त प्रकरण बारे जिज्ञासा राख्दा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतले दुबै पक्षलाई झिकाई समस्या समाधानको प्रयास थालिएको बताएका छन । उनले कुटपीट घट्नाको पनि अनुसन्धान भईरहेको र दोषी पाइएकालाई कानुन बमोजिम कारवाही गरिने दृढता समेत ब्यक्त गरे ।

## 'मधेसको भूमिमा हिरा छन्, पहिचान गर्न बाँकी छ'

धनुषाधाम, ६ जेठ (रासस) ।

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मधेसको भूमिलाई हिरा उत्पादन गर्ने थलोको संज्ञा दिँदै ती हिरा पहिचान गर्न अझै बाँकी रहेको बताउनुभएको छ ।

अन्तरराष्ट्रिय म्याथमेटिक्स ओलम्पियाडमा कास्य पदक प्राप्त जनकपुरधामका १९ वर्षीय आशिष मिश्रलाई सोमबार आयोजित सम्मान कार्यक्रममा उहाँले मधेसमा अपार सम्भावना भएका प्रतिभाहरू रहेकाले तिनीहरूलाई पहिचान र प्रोत्साहन आवश्यक रहेको बताउनुभयो ।

मिश्रले हालै तुर्कमेनिस्तानमा सम्पन्न दोस्रो अन्तरराष्ट्रिय म्याथमेटिक्स ओलम्पियाडमा नेपालबाट प्रतिनिधित्व गर्दै कास्य पदक प्राप्त गर्नुभएको थियो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित कार्यक्रममा मुख्यमन्त्री सिंहले उहाँलाई सम्मान गर्दै भन्नुभयो, "हाम्रो भूमिमा धेरै हिरा छन्, आशिष जस्ता युवाहरू आफैँ अघि आएका छन् । यदि हामीले यस्ता प्रतिभालाई पहिचान गर्न सक्यौँ भने उहाँहरूले राष्ट्र निर्माणमा ठूलो योगदान दिन सक्नुहुन्छ ।"

मुख्यमन्त्री सिंहले सङ्घ, प्रदेश र स्थानीय सरकार मिलेर यस्ता प्रतिभाको खोज, संरक्षण र प्रोत्साहनमा जुट्नुपर्नेमा जोड दिनुभयो । कास्य पदक विजेता मिश्रले म्याथ ओलम्पियाडलाई एकेडेमिक ओलम्पिकको रूपमा परिभाषित गर्दै युवालाई पुस्तकको ज्ञानसँगै यस्ता प्रतिस्पर्धात्मक गतिविधिमा सहभागी हुन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "जसरी खेलकुदमा मेडल ल्याइन्छ, त्यसरी नै यो प्रतिस्पर्धा पनि ज्ञान र अभ्यासको आधारमा जितिन्छ । यस्ता क्रियाकलापमा सहभागी हुँदा अनुसन्धान र शैक्षिक भविष्यमा ठूलो सहयोग पुग्छ ।"

गत अप्रिल २१ देखि २६ तारिखसम्म तुर्कमेनिस्तानको शिक्षा मन्त्रालयको आयोजनामा

***बाँकी दुई पृष्ठमा***

**स्तन क्यान्सरका लक्षण**

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठागुठी देखिनु,
- स्तनको छाला लामो समयसम्म निको नहुने खटिरा आउनु,
- स्तनको आकारमा परिवर्तन आउनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु आदि ।

**यी मध्ये कुनै पनि लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### दिर्घकालिन नीति बनाएर अघि बढौं

बाढीले सप्तरीमा जनधनको ठूलो क्षति पुऱ्याउँदै आएको छ। विशेष गरी मनसुनको समयमा पहाडी क्षेत्रमा परेको वर्षाले नदीहरूमा अत्यधिक बहाव ल्याउने र तराईका बस्तीहरू डुबाउने गर्दछ। बाढीले कृषियोग्य जमिन बगरमा परिणत पार्ने, खानेपानी र सरसफाइमा संकट लयाउने र सर्वसाधारण घरमा पस्नाले जनजीवनमा गम्भीर असर पार्ने गर्दछ।

यस समस्याको समाधानका लागि तत्काल र दीर्घकालीन दुवै उपाय अवलम्बन गर्नु आवश्यक छ। अल्पकालीन उपाय अन्तर्गत पूर्वसूचना प्रणालीको सुदृढीकरण, उच्च जोखिम भएका क्षेत्रबाट समयमै सुरक्षित स्थानमा सार्ने योजना, र आपतकालीन उद्धार टोलीको तयारी आवश्यक हुन्छ। यस्ता उपायहरूले बाढीको बेला मानवीय क्षति न्यूनीकरण गर्न सकिन्छ। तर दीर्घकालीन रूपमा हेर्दा, नदीको दीर्घकालीन व्यवस्थापन, जलाधार क्षेत्रको संरक्षण, अवैज्ञानिक रूपमा बसोबास भएका बस्तीहरूको स्थानान्तरण, र वर्षा पानी संकलन तथा व्यवस्थापन जस्ता उपायहरू अनिवार्य रहेको छ। जंगल फँडानी, अनियन्त्रित शहरीकरण, तथा नदीको प्राकृतिक प्रवाहमा हस्तक्षेपले अहिले बाढीको समस्या झनै बढाएको छ।

यस्ता विपद् न्यूनीकरणका कारण हामी दिर्घकालिन नीति अपनाएर मात्र सुरक्षित रहन सक्छौं। तसर्थ बाढी नियन्त्रण, न्युनिकरण तथा मानवबस्ती र बालिनाली सुरक्षित गर्न तीनै तहका सरकारले दिर्घकालिन नीति बनाएर अघि बढ्नु आवश्यक छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# सरकारलाई योजना छान्न सकस, 'प्रोजेक्ट बैंक' मा कटौती

**हेमन्त जोशी**

काठमाडौँ, ६ जेठ (रासस)।

आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट ल्याउन अब १० दिन बाँकी रहँदा सरकारलाई आयोजना छान्न र त्यसका लागि स्रोत जुटाउन सकस परिरहेको छ। सरकारी राजस्व अपेक्षाअनुसार उठ्न नसकेको र सार्वजनिक ऋणको 'ग्राफ' निरन्तर बढ्दै गएको वर्तमान परिप्रेक्ष्यमा करिब रू १९ खर्ब ६५ करोड हाराहारीको राष्ट्रिय स्रोत अनुमान समितिले दिएको आगामी आर्थिक वर्षको बजेट सिलिङ अनुसार सरकार स्रोत जुटाउन नसक्ने अवस्थामा पुगेको हो।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारी आगामी आर्थिक वर्षको बजेटको स्रोतको व्यवस्थापन र आयोजनाको प्राथमिकीकरण चुनौतीपूर्ण रहेको बताउनुहुन्छ। आयोगले सोमबार पूर्वउपाध्यक्षहरु तथा सदस्यहरुलाई बोलाएर स्रोत व्यवस्थापनका चुनौती समाधान गर्न र बजेटमा राखिने आयोजनाका प्राथमिकीकरणका लागि के-कस्ता रणनीति अपनाउन सकिन्छ भनेर छलफल गरेको थियो। उक्त छलफलमा उपाध्यक्ष अधिकारीले बजेट स्रोत जुटाउन निकै समस्या भइरहेको बताउनुभयो। "कोभिड १९ महामारी पछि साँघुरो हुँदै गएको राजस्व पहिलेको लयमा फर्कन सकेको छैन। वैदेशिक अनुदान घट्दो छ। समस्या क्रोनिक, जेलिएका र प्रणालीगत हुँदै गएका छन्", उहाँले भन्नुभयो, "विभिन्न तह र निकायबीच समन्वय अभाव छ। यस्तो अवस्थामा स्रोत व्यवस्थापन चुनौतीपूर्ण देखिएको छ।"

स्रोत अभावकै कारण सरकारले आगामी आर्थिक वर्षको बजेटमा आयोजनाहरु व्यापक कटौती हुने बताउँदै आएको छ। सरकारको रातो किताबमा पर्ने तर कार्यान्वयन गर्न नसकिने र नतिजासमेत नदिने आयोजनामा कैँची चल्ने सङ्केत आयोगका उपाध्यक्ष प्राडा अधिकारीले दिनुभयो। "चालु आर्थिक वर्ष २०८१/८२ सम्मको अवस्था हेर्ने होभने राष्ट्रिय परियोजना बैंक (प्रोजेक्ट बैंक) मा १८ हजार एक सय बढी आयोजना प्रविष्ट भएको देखियो। यी सबै आयोजना कार्यान्वयन गर्न सम्भव छैन भनेर हामीले करिब सात हजार हाराहारी आयोजना मात्रै राखेर नयाँ प्रोजेक्ट बैंक बनाएका छौँ", अधिकारीले भन्नुभयो। अर्थात् चालु आर्थिक वर्षमा प्रोजेक्ट बैंकमा परेका करिब १० देखि ११ हजारको संख्यामा आयोजनाहरु कटौतीमा पर्ने सम्भावना छ।

सरकारले कुनै योजना तथा कार्यक्रमका लागि वार्षिक बजेट विनियोजन गर्दा त्यस्ता योजना प्रोजेक्ट बैंकमा प्रविष्ट भएको हुनुपर्ने व्यवस्था छ। तर बजेट पार्नकै लागि प्रोजेक्ट बैंकमा जथाभावी आयोजना प्रविष्ट गर्ने र बजेट छर्ने प्रवृत्ति पछिल्ला वर्षहरुमा बढ्दै गएको देखिन्छ। राष्ट्रिय योजना आयोगले उपलब्ध गराएको तथ्याङ्कले त्यसको पुष्टि गर्छ। आयोगका अनुसार परियोजना बैंकमा आर्थिक वर्ष २०७७/७८ सम्ममा छ हजार ६४४ आयोजनाहरु प्रविष्ट गरिएको थियो। त्यसैगरी आर्थिक वर्ष २०७८/७९ मा ९९ वटा, आर्थिक वर्ष २०७९/८० मा ३९ वटा, आर्थिक वर्ष २०८०/८१ मा ११ हजार १४ वटा र आर्थिक वर्ष २०८१/८२ मा दुई सय २१ वटा आयोजना प्रोजेक्ट बैंकमा हालिएको थियो।

सबैभन्दा बढी आयोजना रहेका मन्त्रालयमा सहरी विकास मन्त्रालयका सात हजार ३७७, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका पाँच हजार २९४, खानेपानी मन्त्रालयका दुई हजार ८५९ आयोजना प्रोजेक्ट बैंकमा समावेश गरिएका थिए। ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको ६४०, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको ६१५, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका २२८ वटा योजना बैंकमा थिए।

यसरी ठूलो सङ्ख्यामा जथाभावी प्रोजेक्ट बैंकमा दर्ता गर्ने र बजेट छर्ने प्रवृत्ति रोक्न यसपटक आयोगले राष्ट्रिय आयोजना बैंकको परिभाषा नै परिमार्जन गरेको उपाध्यक्ष अधिकारीले बताउनुभयो। "समय सीमा र बजेट लागत खुलाइएको, पूर्वतयारी सम्पन्न भएको र कार्य सम्पन्न भएपछि सार्वजनिक सम्पत्तिमा वृद्धि वा रुपान्तरण गर्ने प्रकृतिका आयोजनालाई मात्रै अहिले आयोजना बैंकमा राखिएको छ", उहाँले भन्नुभयो। आयोजनाको लागत र सीमा हेर्दा रू तीन करोड भन्दा बढी लागतको आयोजनालाई बैंकमा प्रवृष्टि गरिने र पाँच वर्षसम्म कार्यान्वयन हुने नसकेको आयोजनालाई परियोजना बैंकबाट स्वतः निष्क्रिय गर्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो।

सरकारमा रहेका राजनीतिक दलका शक्तिशाली नेताहरु तथा मन्त्रीहरुले शक्ति र पहुँचका आधारमा आफ्नो निर्वाचन केन्द्रलाई बढी बजेट दिएर विभेद गर्ने गरेको आरोप संसदबाटै लाग्ने गरेको छ। अझ यसपटक त सबैजसो दलका सांसदहरु जुनकुनै हालतमा 'सांसद विकास कोष' लाई ब्युँताउनुपर्छ भनेर सरकारलाई दबाबसमेत दिइरहेका छन्। प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिले सांसदहरुलाई आयोजना छान्ने अधिकार दिनुपर्ने भन्दै घुमाउरो शैलीमा सांसद विकास कोष ब्युँताउन सुझाव दिएको थियो।

विभिन्न औपचारिक तथा अनौपचारिक कार्यक्रममा मात्र नभई संसद्मै पनि सांसद विकास कोष ब्युँताउनुपर्ने माग उठ्ने गरेका छन्। राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा जगदीशचन्द्र पोखरेल सांसद विकास कोष ब्युँताउँदा त्यसको सञ्चालन कार्यविधि तथा योजना छनोटको आधार माथि प्रश्न गर्ने ठाउँ रहने बताउनुहुन्छ।

"आगामी बजेटमार्फत् सांसद विकास कोष ल्याउने भन्ने सुनिएको छ। त्यसो हुँदा सांसदले माग गरेको रकम र खर्च गर्न चाहेको आयोजना फेरि नयाँ तरिकाले प्रोजेक्ट बैंकमा हाल्नुपर्ने होला", पोखरेलले आयोगको छलफलमा भन्नुभयो। टुक्रे आयोजनामा नभई ठूला र आर्थिक रुपमा रुपान्तरणकारी आयोजनामा बजेट विनियोजन गरिनुपर्नेमा उहाँले जोड दिनुभयो। गण्डकी त्रिभुज परियोजना, मध्यपहाडी राजमार्ग जस्ता रुपान्तरणकारी परियोजना बजेटको प्राथमिकतामा पर्नुपर्ने सुझाव उहाँले दिनुभयो। पछिल्लो समय हिमाली तथा पहाडी क्षेत्रबाट तराईमा बसाइसराइ गर्ने क्रम बढेकाले कुन क्षेत्रमा पूर्वाधार विकास आवश्यक छ वा छैन भनेर सरकारले अध्ययन गर्नुपर्ने उहाँको भनाइ छ।

राष्ट्रिय योजना आयोगका अर्का पूर्वउपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्री पर्याप्त अध्ययन र पूर्वतयारी नभएका आयोजना बजेटमा राख्ने प्रवृत्तिको अन्त्य गरिनुपर्ने बताउनुहुन्छ। कुनै तयारी नभएका आयोजनालाई सरकारको रातो किताबमा पार्न सांसदहरुबाटै दबाब आउने गरेको उहाँले उल्लेख गर्नुभयो। अझ प्रदेशहरुको हकमा त बजेट पार्नकै लागि कमिसन लेनदेन हुने गरेको आरोपसमेत उहाँले लगाउनुभयो। "कुनै आयोजनालाई रातो किताबमा प्रवेश गरियो भने मात्रै पनि त्यसलाई पेन्सन जस्तो ठान्ने प्रवृत्ति छ। प्रदेशहरुमा त कुनै आयोजना बजेटमा पारियो भने कमिसन लिने कार्य खुलमखुल्ला छ। केन्द्र सरकारमा यस्तो विकृति नहोस्।"

योजना आयोगका पूर्व उपाध्यक्ष डा पृथ्वीराज लिगल बजेटमा राखिने आयोजनाको प्राथमिकीकरण गरेर संख्या घटाउन आवश्यक रहेको बताउनुहुन्छ। यद्यपि, कस्ता प्रकृतिका आयोजना बजेटमा रहन्छन् र कुन रहँदैनन् भनेर सरकारले स्पष्ट पार्नुपर्ने उहाँको भनाई छ। अहिले शिक्षा क्षेत्रमा आमुल परिवर्तनका लागि पर्याप्त बजेट विनियोजन गर्ने र यस क्षेत्रको सुधारमार्फत् दक्ष तथा योग्य जनशक्ति निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने उहाँको भनाई छ। तलब भत्ता, सामाजिक सुरक्षा, सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानी जस्ता अनिवार्य दायित्व बहन गर्नकै लागि ठूलो रकम आवश्यक पर्ने भएकाले सरकारलाई बजेटको स्रोत व्यवस्थापन चुनौती रहेको डा लिगलले उल्लेख गर्नुभयो।

त्यसैगरी योजना आयोगका अर्का उपाध्यक्ष प्राडा पुष्पराज कँडेलले सांसद विकास कोष ल्याउने बारे समाचार आइरहँदा त्यस विषयमा अर्थ मन्त्रालय र योजना आयोगबीच समन्वय भएको वा नभएकोबारे प्रश्न गर्नुभयो। विभिन्न तह र निकायबीच आपसी समन्वय तथा सहकार्य हुन नसक्नु अहिलेको सबैभन्दा ठूलो समस्या रहेको उहाँको भनाइ छ। राजस्वको स्रोतसाधनको सीमितता, खुला सीमा क्षेत्र र चोरी पैठारी, कमजोर निजी क्षेत्रको कार्यसम्पादन जस्ता विद्यमान चुनौतीका बीच नतिजामुखी र कार्यान्वयनयोग्य बजेट ल्याउन सरकारले प्रयत्न गर्नुपर्ने उहाँको सुझाव थियो।

"हामीसँग प्रणालीगत समस्या छन्। समन्वयको पाटो सबैभन्दा कमजोर छ। पुराना आयोजना बिर्सँदै जाने र नयाँ थपिँदै जाने हो भने कार्यान्वयन गर्न सकिँदैन," कँडेलले बताउनुभयो। पछिल्ला वर्षहरुमा बजेटका विभिन्न चरणमा योजना आयोगको भूमिका कमजोर हुँदै गएको र राजनीतिक प्रभाव बढ्दै गएको कँडेलले उल्लेख गर्नुभयो।

योजना आयोगका पूर्वउपाध्यक्ष डा गोविन्दराज पोखरेलले तोकिएको समयमा आयोजना किन सम्पन्न हुन सकेनन् भनेर हेर्दा त्यसमा भ्रष्टाचार र कुशासनको पाटोलाई पनि हेरिनुपर्नेमा जोड दिनुभयो। उपभोक्ता समितिबाट हुने पूर्वाधार निर्माणमा झन् ठूलो अनियमितता रहेको उहाँको धारणा छ । धादिङको गजुरीदेखि काभ्रेपलाञ्चोकको पाँचखालसम्मको भूगोललाई समेटेर 'ग्रेटर काठमाडौँ' को अवधारणा अघि बढाइनुपर्ने, सामुदायिक विद्यालयहरु गाभेर सङ्ख्या घटाउनुपर्नेलगायतका सुझाव उहाँले दिनुभयो। सिमेन्ट, खनिज, जलविद्युत्लगायतका क्षेत्रमा कति लगानी गर्ने भनेर 'रिसोर्स म्यापिङ' आवश्यक भइसकेको उहाँको भनाइ छ।

### 'मधेसको भूमिमा ...

आयोजित उक्त ओलम्पियाडमा विश्वभरबाट करिब ३०० विद्यार्थी व्यक्तिगत तथा समूहगत प्रतिस्पर्धामा भाग लिएका थिए। यो अन्तर्राष्ट्रिय म्याथ ओलम्पियाडमा नेपाली विद्यार्थीहरूको पहिलो सहभागिता थियो। पहिलो पटकमै मिश्रले कास्य पदक प्राप्त गर्नुभएको हो।

अब मिश्र आगामी जुलाई ९ देखि २१ तारिखसम्म अष्ट्रेलियामा हुने ६६औं अन्तरराष्ट्रिय म्याथमेटिक्स ओलम्पियाडमा सहभागी हुने तयारीमा हुनुहुन्छ।

# भूमिसमस्या समाधानका लागि समयसापेक्ष कानुनी प्रबन्ध गर्न सांसदहरूको माग

काठमाडौँ, ६ जेठ (रासस) ।

सांसदहरूले मुलुकमा विद्यमान भूमिसम्बन्धी समस्या समाधानका लागि समयसापेक्ष कानुनी प्रबन्ध गर्न खोजिएको भए पनि केही प्रावधानले आशङ्का पैदा भएको टिप्पणी गर्नुभएको छ ।

'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२ माथि विचार गरियोस् भन्ने प्रस्ताव' माथिको छलफलमा भाग लिँदै सत्तापक्षका सांसदहरूले भूमिसम्बन्धी समस्या समाधानका लागि सरकारले कानुनी प्रबन्ध गर्न लागेको र यसमा सकारात्मक व्यवस्था गरिएको बताउनुभएको थियो ।

प्रतिपक्षी दलका सांसदहरूले भने खेतीयोग्य भूमि अनावश्यक रूपमा प्लटिङ गरेर बिक्री वितरण हुने अवस्थाको सिर्जना विधेयकले गर्ने आशङ्का गर्दै आफ्नो धारणा राख्नुभएको थियो ।

छलफलमा भाग लिँदै सांसद सुशीला शीर्पाली ठकुरीले अध्यादेशमा राखिएका कतिपय विषयमा चौतर्फी विरोध भएका प्रावधानलाई नै विधेयकमा राखिएका आपत्ति प्रकट गर्नुभयो । उहाँले खेतीयोग्य भूमि अनावश्यक रूपमा प्लटिङ गरेर बिक्री वितरण हुने अवस्थाको सिर्जना यो विधेयकमा राखिएको उहाँले आरोप लगाउनुभयो ।

सांसद रूपासोसी चौधरीले अर्पाट निर्माण गर्ने र ठूला कारोबार गर्ने व्यवसायीलाई अनुकूल हुने गरी विधेयक प्रस्तुत गरिएको आरोप लगाउनुभयो । सांसद रणेन्द्र बराइलीले अध्यादेशमा चर्को विरोध भएपछि नयाँ स्वरूप दिएर जनविरोधी प्रावधान विधेयकमा राखिएको तर्क गर्नुभयो ।

सांसद मेटमणि चौधरीले भूमिहीनलाई विधेयकमा राखिएका केही प्रावधानले राहत दिने अपेक्षा राखिएको भए पनि विधेयकको सैद्धान्तिक पक्ष गलत रहेको धारणा राख्नुभयो । उहाँले भूमि राज्यका नाममा हुनुपर्ने र आवश्यकताका आधारमा व्यक्तिलाई उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो ।

सांसद दामोदर पौडेल बैरागीले भूमिहीन दलितलाई जग्गा दिने, आवास उपलब्ध गराउने, भूमिहीनलाई जग्गा उपलब्ध गराउने र लालपुर्जा नपाएकालाई उपलब्ध गराउने व्यवस्था विधेयकमा रहेको बताउनुभयो । उहाँले अव्यवस्थित रूपमा बसोबास गरिरहेकालाई सुरक्षित स्थानमा राख्ने व्यवस्था विधेयकमा गरिएको बताउनुभयो ।

लालप्रसाद साँवा लिम्बूले विधेयक जनउपयोगी र समयसापेक्ष रहेको भन्दै विरोधका नाममा विरोध नगर्न आग्रह गर्नुभयो ।

सांसद सहराज अहमदले अस्पष्ट रूपमा रहेको व्यवस्थाका कारण कृषियोग्य भूमि वर्गीकरण हुँदै जानेजस्ता समस्या समाधानका लागि विधेयकले भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

सांसद सरस्वती सुब्बाले भूमिहीन दलित, अव्यवस्थित बसोबासी र छरिएर रहेका बस्तीलाई व्यवस्थित बनाउने लक्ष्यका साथ यो विधेयक आएको बताउनुभयो । सांसद अमरेशकुमार सिंहले राज्यका साधन र स्रोतको वितरण गर्ने उद्देश्यका साथ कानुनी प्रावधान गर्न लागिएको आरोप लगाउनुभयो ।

सांसद मनिष झाले गिरिबन्धु जग्गा प्रकरण, गोकर्ण रिसोर्टलगायतका घटनाक्रमका कारण यो विधेयकमा आशङ्का गर्ने प्रशस्त स्थान रहेको बताउनुभयो ।

सांसद राजेन्द्रप्रसाद पाण्डेले वास्तविक सुकुमवासीको समस्या समाधान गर्ने उद्देश्यभन्दा पनि अर्पाटमेन्टवाला र ठूला जग्गा व्यवसायीको हितका लागि यो विधेयक आएको उल्लेख गर्नुभयो । सांसद सुमना श्रेष्ठले जग्गाको अत्यधिक मात्रामा मौद्रिकीकरण हुँदा कुनै सर्वसाधारणले शहरी क्षेत्रमा घरघडेरी होला भनेर कल्पना पनि गर्न नसक्ने अवस्था आएको बताउनुभयो ।

सांसद हितराज पाण्डेले व्यापक छलफलका लागि सम्बन्धित समितिमा पठाउनुपर्ने धारणा राख्नुभयो । सीमित मानिसको हितका लागि यो विधेयक ल्याइएको तथ्यहरूले पुष्टि गरेको उल्लेख गर्दै उहाँले सम्बद्ध पक्षहरूसँग व्यापक छलफलपछि मात्रै पारित गर्नुपर्ने बताउनुभयो ।

सांसद महेशकुमार बर्तौलाले यो विधेयकले झन्डै १२ लाख भूमिहीन दलित समुदायलाई भूमि उपलब्ध गराउने लक्ष्य राखेको बताउनुभयो । कानुनी प्रबन्ध नगर्ने हो भने भूमिसम्बन्धी कुनै पनि समस्या समाधान नहुने भएकाले सरकारले आवश्यकताका आधारमा यो विधेयक प्रस्तुत गरेको उहाँको भनाइ छ ।

सांसदहरू सूर्यप्रसाद ढकाल, बिजुला रायमाझी, रञ्जुकुमारी झा, नारायणी शर्मा, छिरिङ डम्डुल लामा भोटे, अम्मरबहादुर थापा, अच्युतप्रसाद मैनाली, शिव नेपाली,नर अच्युतप्रसाद मैनाली, दुर्गा राई, प्रेम सुवाल, मीना तामाङ, प्रेमबहादुर महर्जन, गणेश पराजुली, रेखा यादव, अम्मरबहादुर रायमाझी, अमनलाल मोदी, ज्ञानु बस्नेत सुवेदी, डा चन्दा कार्की, दीपा शर्मा, छिरिङल्हामु लामा तामाङ, लेखनाथ दाहालले विधेयकको सैद्धान्तिक पक्षमा आफ्नो धारणा राख्नुभयो ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज

मिति :-२०८२/०१/३१

विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालको श्रेस्ता बमोजिम रैती न. ३३ खेदु माझीको नाममा दर्ता रहेका साबिक प्रगन्ना मालझपुना मौजे भूसी कढहर्वा सा.कि.न. २७७ को ज.वि. ०-१४-१३ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. दौलतपुर वडा न.८ हाल सुरुङ्गा न.पा. वडा न. ३ बस्ने सतावन माझीको बुहारी रामजी चौधरी थारुको पत्नी चन्द्रकला धरनी-१, ऐ.ऐ. बस्ने खेदु माझीको नाति कारी माझीको छोरा मोहित लाल चौधरी-१ समेत २ को यस कार्यालयमा द.न. ११६०४ मिति २०८१/११/०४ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०१/३१ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नापसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पार्क, हाट,पेला लाग्ने ठाउँ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नापसारी गर्ने तर्फ कानून बमोजिम कारबाही गै जानेछ । यस म्यादपछि पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.वि.स. | वडा नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २७७ | खेदु माझी | दौलतपुर | ८ग | ९७ | ०-१४-९ | चन्द्रकला धरनी मोहित लाल चौधरी | यो जग्गा २२०४ सालमा रैती नं. ३३ को खेदु माझीको नाममा हो। यो जग्गा फिल्डबुकको अ.प. महल खाली, किसान को महल खाली, बिभागको व्यहोरा महल खाली, कैफियत महल खाली रहेको। |

प्रमुख मालपोत अधिकृत
लक्ष्मी प्रसाद खरेल
प्रमुख मालपोत अधिकृत

## अफ्रिकन स्वाइन फिभरका कारण ३६ बंगुरको मृत्यु

सुनसरी, ६ वैशाख (रासस) ।

बराहक्षेत्र नगरपालिकामा अफ्रिकन स्वाइन फिभरको सङ्क्रमणका कारण ३६ बङ्गुरको मृत्यु भएको छ ।

स्थानीयले व्यावसायिक रूपमा पालेका बङ्गुरमा अफ्रिकन स्वाइन फिभरको सङ्क्रमण देखिएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र इनरुवाका प्रमुख डा मनोजकुमार महतोले जानकारी दिनुभयो ।

बराहक्षेत्र-१ मा रहेको दियाली कृषि फार्ममा २० वटा बङ्गुरमा सङ्क्रमण देखिएको छ भने १७ वटाको मृत्यु भएको छ । त्यसैगरी बराह बङ्गुर फार्ममा १५ वटामा सङ्क्रमण देखिएको छ भने सात बङ्गुरको मृत्यु भएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार स्थानीय सुवास श्रेष्ठले पालेका बङ्गुर फार्ममा २२ वटामा सङ्क्रमण देखिएको छ भने १२ को मृत्यु भएको छ ।

बराहक्षेत्रमा मात्र अहिलेसम्ममा उक्त फिभरले ३६ बङ्गुरको मृत्यु हुनुका साथै ५७ वटामा अझै सङ्क्रमण डा महतोले बताउनुभयो । यसअघि सुनसरीको दुहवी, रामधुनी र धरानमा सङ्क्रमण देखिएको थियो ।

# विश्व समाचार

## गाजामा इजरायली हमलामा ६० जनाको मृत्यु

देइर अल-बालाह (गाजा पट्टी), ६ जेठ (रासस/एपी) ।

इजरायली आक्रमणबाट सोमबार रातिदेखि मङ्गलबारसम्म गाजा पट्टीमा कम्तीमा ६० जनाको मृत्यु भएको प्यालेस्टिनी अधिकारीहरूले बताएका छन् । इजरायलले हालैका दिनहरूमा यस क्षेत्रमा अर्को ठूलो आक्रमण सुरु गरेको छ र हमासले कब्जा गरेका दर्जनौं बन्धकलाई फिर्ता गर्ने तथा उग्रवादी मूहलाई नष्ट गर्ने लक्ष्य राखेको बताएको छ । सोमबार इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले अनिकालको डर उत्पन्न गरेको यस क्षेत्रका २० लाख प्यालेस्टिनीमाथिको नाकाबन्दी हटाउन दबाब दिइएको बताउँदै पहिलो पटक साढे दुई महिनामा गाजामा सहायता ट्रकहरूको सानो सङ्ख्या प्रवेश गर्न अनुमति दिन थाल्नुभएको छ । संयुक्त राष्ट्रसङ्घका निकायहरूले प्रवेश गरेका थोरै ट्रकहरू खाद्यान्न, औषधि र अन्य आपूर्तिको विशाल आवश्यकता पूरा गर्न कहीं पनि पर्याप्त नभएको बताएका छन् । यस वर्षको सुरुमा युद्धविरामको समयमा दैनिक छ सय ट्रक प्रवेश गरेका थिए ।

उत्तरी गाजामा एक परिवारको घर र एक विद्यालय-बनेको-आश्रयमा भएका दुई आक्रमणमा कम्तीमा २२ जनाको मृत्यु भएको र तीमध्ये आधाभन्दा बढी महिला र बालबालिका रहेको गाजा स्वास्थ्य मन्त्रालयले जनाएको छ । मध्य सहर देइर अल-बालाहमा भएको आक्रमणमा १३ जनाको मृत्यु भएको छ भने नजिकैको निर्मित नुसिरात शरणार्थी शिविरमा भएको अर्को आक्रमणमा १५ जनाको मृत्यु भएको अल-अक्सा शहीद अस्पतालले जनाएको छ । दक्षिणी सहर खान युनिसमा भएको दुई आक्रमणमा १० जनाको मृत्यु भएको नासेर अस्पतालले जनाएको छ । इजरायली सेनाबाट तत्काल कुनै टिप्पणी आएको छैन । सेनाले केवल उग्रवादीहरूलाई लक्षित गरेको बताउँछ । सेनाले नागरिक मृत्युका लागि हमासलाई दोष दिन्छ किनभने यो समूह घना जनसङ्ख्या भएका क्षेत्रहरूमा सञ्चालन गर्दछ ।

गाजामा युद्ध हमास-नेतृत्वका उग्रवादीहरूले दक्षिणी इजरायलमा आक्रमण गरेपछि सुरु भएको थियो । युद्धमा हमासको आक्रमणमा अधिकांश सर्वसाधारणसहित करिब एक हजार दुई सय मानिस मारिए भने दुई सय ५१ अन्यलाई अपहरण गरियोको थियो । उग्रवादीहरूले अझै ५८ बन्दीलाई थुनामा राखेका छन् । अधिकांश युद्धविराम सम्झौताहरू वा अन्य सम्झौताहरूमा फिर्ता गरिएपछि लगभग एक तिहाइ जीवित रहेको विश्वास गरिन्छ । गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायलको जवाफी आक्रमणले गाजाको ठूलो भाग नष्ट गरेको छ, अधिकांश महिला तथा बालबालिकासहित ५३ हजारभन्दा बढी प्यालेस्टिनीको ज्यान लिएको छ । युद्धले प्यालेस्टिनी जनसङ्ख्याको करिब ९० प्रतिशतलाई विस्थापित गरेको छ र तीमध्ये अधिकांश धेरै पटक विस्थापित भएका छन् ।

## गाजामा इजरायली आक्रमणले ९२ प्रतिशत घर ध्वस्त वा क्षतिग्रस्त

न्युयोर्क, ६ जेठ (रासस/क्युएनए) ।

प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय राहत तथा कार्य एजेन्सी (युएनआरडब्लु) ले सन् २०२३ अक्टोबर ७ देखि प्यालेस्टिनमा जारी इजरायली आक्रमणबाट गाजा पट्टीका बासिन्दाहरूको ९२ प्रतिशत घरहरू नष्ट वा क्षतिग्रस्त भएको घोषणा गरेको छ । युएनआरडब्लुले सोमबार आफ्नो एक्स प्लेटफर्ममार्फत 'गाजाका परिवारहरूले अकल्पनीय विनाशको सामना गरिरहेका छन्' भन्दै 'सुरक्षा क्लस्टरका अनुसार पट्टीका ९२ प्रतिशत घरहरू क्षतिग्रस्त वा नष्ट भएका छन्' भनी जोड दिएको छ । राष्ट्रसङ्घीय एजेन्सीले 'अनगिन्ती बासिन्दाहरू धेरै पटक विस्थापित भएका छन् र आश्रय अभाव भएको छ' उल्लेख गर्दै यो अझै पनि महत्त्वपूर्ण सहायता प्रदान गर्ने भूमिमा रहेको कुरामा जोड दिएको छ ।

युएनआरडब्लुले आफ्नो विज्ञप्तिमा 'गाजा पट्टीमा लगाइएको नाकाबन्दी हटाउने आवश्यकता' मा जोड दिएको छ । जनवरी १९ देखि लागु भएको युद्धविराम सम्झौताअन्तर्गत दुई महिनाको विरामपछि इजरायली कब्जा सेनाले मार्च १८ मा गाजा पट्टीमा आफ्नो आक्रमण पुनः सुरु गरेको थियो । यद्यपि यस कब्जाले अभूतपूर्व मानवीय त्रासदीको सामना गरिरहेको गाजा पट्टीका विभिन्न क्षेत्रहरूमा बमबारी जारी राख्दै दुई महिनाको अवधिमा युद्धविरामका सर्तहरू उल्लङ्घन गरेको छ ।

## भारतले पाकिस्तानसँग सीमा समारोह पुनः सुरु गर्ने

अमृतसर (भारत), ६ जेठ (रासस/एएफपी) ।

भारतले मङ्गलबार छिमेकी पाकिस्तानसँग दैनिक सीमा समारोह पुनः सुरु गर्ने बताएको छ । भारतले केही हप्ताअघि आणविक-सशस्त्र प्रतिद्वन्द्वीहरूबीच दशकौंदेखिको सबैभन्दा गम्भीर सङ्घर्षपछि छोटो समयका लागि उक्त समारोह रोकेको थियो । भारत प्रशासित काश्मीरमा अप्रिल २२ मा पर्यटकहरूमाथि भएको आक्रमणबाट सुरु भएको लडाईमा कम्तीमा ६० जनाको मृत्यु भएको थियो । पर्यटकहरूमाथि भएको आक्रमणलाई नयाँदिल्लीले इस्लामाबादले समर्थन गरेको आरोप लगाएको थियो । पाकिस्तानले उक्त आरोपलाई अस्वीकार गरेको थियो ।

भारतको सीमा सुरक्षा बलले मङ्गलबार मिडियाका लागि र बुधबार उत्तरी राज्य पञ्जाबको अटारी-वाघा भूमि सीमामा आम जनताका लागि सूर्यास्त समारोह खुला हुने बताएको छ । पाकिस्तानले आफूले कहिल्यै समारोह नरोकेको र आफ्ना सैनिकहरू सीमाको आफ्नो तर्फ एक्लै मार्च गरिरहेको बताएको छ । यद्यपि यो समारोह भूमि सीमा बन्द गर्नेसहित पाकिस्तानविरुद्ध अझै पनि कूटनीतिक उपायहरू सहित एक कम प्रचारपूर्ण हुने अपेक्षा गरिएको छ । वर्षौंदेखि अटारी-वाघा सीमामा हुने समारोह लोकप्रिय पर्यटकीय आकर्षण बनेको छ । दुवै तर्फका अवलोकनकर्ताहरू हाँस-पाइला चाल्दै छाती फुलाउने नाटकीय प्रदर्शनमा सैनिकहरूलाई प्रोत्साहन दिन आउँछन् ।

यो सीमा सन् १९४७ मा ब्रिटिस शासनको हिंसात्मक अन्त्यमा औपनिवेशिक सिर्जना थियो जसले उपमहाद्वीपलाई हिन्दू-बहुल भारत र मुस्लिम-बहुल पाकिस्तानमा विभाजित गरेको थियो । दैनिक सीमा अनुष्ठान धेरै हदसम्म दशकौंदेखि कायम छ तथा असङ्ख्य कूटनीतिक उथलपुथल र सैन्य झडपहरूबाट बच्दै आएको छ ।

# आगामी असार मसान्तभित्र जग्गाको वर्गीकरण गरिसक्न स्थानीय तहलाई आग्रह

काठमाडौँ, ६ जेठ (रासस)।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले आगामी असार मसान्तभित्र सबै स्थानीय तहलाई जग्गाको वर्गीकरणको काम सकिसक्न आग्रह गर्नुभएको छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा ‘भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२ माथि विचार गरियोस्’ भन्ने प्रस्तावमाथिको छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिँदै मन्त्री अधिकारीले तोकिएको समयसीमाभित्र जग्गाको वर्गीकरण नहुने हो भने विभिन्न समस्याहरू देखापर्ने उल्लेख गर्नुभयो। “सबै पालिकालाई आगामी असार मसान्तसम्म जग्गाको वर्गीकरण गरिसक्न भनिएको छ। यदि त्यो बेलासम्म वर्गीकरण भएन भने कित्ताकाट रोकिन्छ। किनबेच र अंशबन्डा बन्द हुन्छ”, उहाँले भन्नुभयो।

मन्त्री अधिकारीले घरजग्गासम्बन्धी काम सहज बनाउन तथा भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने उद्देश्यसहित भूमिसम्बन्धी विधेयक ल्याइएको उल्लेख गर्नुहुँदै यसले जग्गासम्बन्धी प्रशासनिक अप्ठेरालाई सम्बोधन गर्ने बताउनुभयो।

“भूमिसम्बन्धी व्यवस्थालाई सहज र व्यवस्थित गर्न विभिन्न नियमावली, कार्यविधि, आदेशसमेत आएका छन्। अन्य कानुनहरू पनि बनेका छन् र क्रमशः काम गर्न सजिलो बनाउँदै लगिएको छ। कानुनमा भएका थप केही अप्ठेरा फुकाउनका लागि यो विधेयक ल्याइएको हो,” उहाँले भन्नुभयो। अहिले स्थानीय तहले जग्गाको वर्गीकरण गरेर कृषियोग्य जमिन भनेको लाई अन्य प्रयोजनका लागि किनबेच गर्न नपाइने व्यवस्था रहेको उहाँले स्पष्ट पार्नुभयो।

भूमाफिया र बिचौलियालाई सहयोग पुग्नेगरी विधेयक आएको भनी संसद्मा उठेका प्रश्न तथा शङ्कामाथि सत्यता नरहेको भूमि व्यवस्थामन्त्री अधिकारीले स्पष्ट पार्नुभयो। “धनाढ्य पुँजीपतिहरूलाई जग्गा बाँड्ने भन्ने खालका प्रश्नहरू आएका छन्। त्यसमा सत्यता छैन। विधेयकमा राखिएको व्यवस्था घरजग्गा कारोबार गर्ने कम्पनीले सरकारी जग्गा नभई व्यक्तिगत जग्गा किनबेचसँग सम्बन्धित हो,” उहाँले भन्नुभयो, “हिजोका दिनमा जमिन किनेका तर सरकारसँग अनुमति लिन बाँकी रहेकालाई अनुमति दिने भनेको छ। यस्ता २०७४ सालयता एक सयभन्दा बढी निवेदन छन्। त्यसलाई नियमन गर्ने भनेका छौँ। यो भनेको विगतकै विधिअनुसारका हो।”

प्रतिनिधिसभाको मंगलबारको बैठकमा ‘भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२ माथि विचार गरियोस्’ भन्ने प्रस्ताव स्वीकृत गर्ने कार्यसूची रहेको थियो। सभामुख देवराज घिमिरेले उक्त प्रस्ताव निर्णयार्थ पेस गर्नुहुँदा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का प्रमुख सचेतक हितराज पाण्डेले गणपूरक सङ्ख्या यकीन गर्न आग्रह गर्नुभएको थियो।

संसद्मा तीन मिनेट जनाउ घण्टी बजाई गणपूरक सङ्ख्या यकिन गर्दा विधेयक स्वीकृत गर्नका लागि नेपालको संविधानको धारा, ९४ बमोजिम एक चौथाइ सदस्य अर्थात् ६९ जना उपस्थित हुनुपर्नेमा ६५ जना मात्रै सदनमा उपस्थित देखिएपछि बैठक १५ मिनेटका लागि स्थगित गरिएको छ।

# मुसहर समुदायका ३०/४० प्रतिशत महिला नागरिकता विहीन छन् : मुख्यमन्त्री सिंह

जनकपुरधाम, ६ जेठ (रासस)।

मधेश प्रदेश सरकारका मुख्यमन्त्री शतिशकुमार सिंहले मुसहर समुदायका ३०/४० प्रतिशत महिलाहरू अहिले पनि नागरिकताविहीनको अवस्थामा रहेको बताउनुभएको छ। यो एउटा गम्भीर समस्या हो, उहाँको भनाइ छ।

ऋषिवंश एकता सेवा समाज नेपालको छैटौं साधारणसभा तथा वार्षिक समीक्षा कार्यक्रमको मंगलबार जनकपुरधाममा उद्घाटन गर्दै उहाँले नागरिकता नभएका कारणले मुसहर समुदायले शिक्षा, स्वास्थ्य तथा रोजगारीलगायत मौलिक हक तथा अधिकारबाट वञ्चित हुनुपरेको तथ्य प्रस्तुत गर्नुभयो।

मुख्यमन्त्री सिंहले जबसम्म मुसहरलगायत दलित समुदाय शिक्षाबाट वञ्चित रहन्छ, तबसम्म उनीहरू आफ्नो अधिकारका लागि लड्न नसक्ने भएकाले दलित शिक्षामा जोड दिनुपर्छ भन्नुभयो। उहाँले शिक्षा नै सशक्तिकरणको मूल आधार भएकाले अबको आन्दोलन कलम तथा किताबका लागि हुनुपर्नेमा जोड दिनुभयो।

मुख्यमन्त्री सिंहले मुसहर समुदायका अभिभावकहरूलाई आफ्ना बालबालिकालाई न्यूनतम एसइईसम्म पठनपाठन गराउनुपर्ने तथा बालविवाह रोकेर २० वर्ष पुगेपछि मात्र छोराछोरीको विवाह गर्न सुझाव दिनुभयो।

सो अवसरमा मधेश प्रदेश योजना आयोगका उपाध्यक्ष डा सोहन साहले गुणस्तरीय शिक्षाको विकासमा मधेश प्रदेश सरकार लागिपरेकाले सबैले आफ्नो छोराछोरीको शिक्षामा जोड दिनुपर्ने विचार व्यक्त गर्नुभयो। सो संस्थाका अध्यक्ष लोचन सदाको अध्यक्षतामा भएको सो कार्यक्रममा हंसपुर नगरपालिकाका पूर्वनगरप्रमुख रामज्ञान मण्डल तथा समाजसेवी चन्देश्वर सदाले पनि मुसहर जातिको आर्थिक तथा सामाजिक अवस्थाबारे जानकारी गराउनुभएको थियो।

# सम्पत्ति शुद्धीकरणसम्बन्धी शंकास्पद कारोबारको संख्या ४९ प्रतिशतले बढ्यो

काठमाडौँ, ६ जेठ (रासस)।

सम्पत्ति शुद्धीकरणसम्बन्धी शङ्कास्पद कारोबार तथा गतिविधि पछिल्लो एक वर्षमा उल्लेख्य सङ्ख्यामा बढेको देखिएको छ। नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको ‘वित्तीय जानकारी इकाईको सन् २०२४ का गतिविधिसम्बन्धी प्रतिवेदन’ अनुसार गतवर्ष यस्ता कारोबार तथा गतिविधिबारे राष्ट्र बैंकलाई गराइएको जानकारी करिब ४९ प्रतिशतले बढेको छ।

“सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम सूचक संस्थाहरूले इकाईमा सम्प्रेषण गरेका शङ्कास्पद कारोबार तथा गतिविधि प्रतिवेदनको सङ्ख्या सन् २०२३ मा छ हजार २५५ रहेकोमा सन् २०२४ मा सो सङ्ख्या करिब ४९ प्रतिशतले वृद्धि भई नौ हजार ३०४ पुगेको छ”, राष्ट्र बैंकले भनेको छ।

गत वर्ष राष्ट्र बैंकमा प्राप्त प्रतिवेदनमध्ये सन् २०२४ मा जम्मा एक हजार ८९४ प्रतिवेदन विश्लेषण गरिएको जनाइएको छ। सोमध्ये एक हजार ८६ वटा प्रतिवेदन थप अनुसन्धानका लागि कानुन कार्यान्वयन गर्ने अनुसन्धानकारी निकाय तथा नियामकीय कारबाहीका लागि पठाइएको राष्ट्र बैंकले जनाएको छ। यसरी पठाइएका प्रतिवेदनमध्ये ८०८ वटा प्रतिवेदनमध्ये भविष्यमा थप जानकारी प्राप्त भएमा राष्ट्र बैंकले पुनः विश्लेषण गर्ने गरी अभिलेखीकरण गरिएको पनि राष्ट्र बैंकले उल्लेख गरको छ।

त्यस्तै, सूचक संस्थाहरूले राष्ट्र बैंकमा सन् २०२३ मा १७ लाख ८३ हजार १८३ वटा सीमा कारोबारको विवरण पेस गरेकामा गत वर्ष अर्थात् सन् २०२४ मा सो सङ्ख्या १९ लाख ७२ हजार ८५५ पुगेको जनाइएको छ।

त्यस्तै, सम्पत्ति शुद्धीकरण निवारण मामलासँग जोडिएका विभिन्न संस्था तथा निकायहरूको सङ्ख्यामा पनि वृद्धि भएको राष्ट्र बैंकले जनाएको छ। “सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी गर्नुपर्ने रिपोर्टिङ तथा पत्राचारका लागि राष्ट्र बैंकको गोएएमएल प्रणालीमा आबद्ध सूचक संस्थाहरू, कानुन कार्यान्वयन गर्ने र अनुसन्धानकारी निकायहरू र नियामक निकायहरूको जम्मा संङ्या सन् २०२३ को अन्त्यमा एक हजार ४९६ रहेकामा सन् २०२४ को अन्त्यमा एक हजार ९०५ पुगेको छ”, राष्ट्र बैंकले भनेको छ।

# नक्कली नोटसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**सर्लाही, ६ जेठ।**

सर्लाहीको पर्सा गाउँपालिका ६ मा पर्ने हुलाकी सडक खण्डबाट प्रहरीले नक्कली नोटसहित दुई जनालाई पक्राउ गरेको छ।

सोमबार साँझ भारतीय नम्बर प्लेटको मोटरसाइकल चेकजाँच गर्ने क्रममा प्रहरीले ५०० रुपैयाँ दरका ४८ थान नक्कली नोट फेला पारेको हो। बरामद नोटको कुल रकम २४,००० रुपैयाँ रहेको जनाइएको छ।

पक्राउ परेका व्यक्तिहरूमा मोटरसाइकल चालक लालबन्दी नगरपालिका ६ का २१ वर्षीय मुकेश कुमार साह र पछाडि सवार हरिपुर्वा नगरपालिका ४ डुमरिया निवासी २३ वर्षीय सरोज पण्डित रहेका छन्।

विशेष सूचनाका आधारमा प्रहरी नायब निरीक्षक मेथुल यादवको टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको हो। अहिले उनीहरूलाई जिल्ला अदालत सर्लाहीबाट पाँच दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

प्रहरीका अनुसार घटनासँग सम्बन्धित अन्य व्यक्तिहरूको खोजी पनि भइरहेको छ।

# करेन्ट लागेर पुजारीको मृत्यु

**दैनिक समाचारदाता**
**सर्लाही, ६ जेठ।**

सर्लाहीमा करेन्ट लागेर एक पुजारीको मृत्यु भएको छ। जिल्लाको बलरा नगरपालिका ५ महतो टोलमा गोडैता गाउँपालिका २ निवासी अन्दाजी ७० वर्षीय महादेव महतोको मृत्यु भएको हो।

सोही टोलमा रहेको विजय महतोको घरमा उनी पूजा गर्न गएका थिए। पूजा सम्पन्न गरी पानी पिउने क्रममा मोटर जडान गरिएको धाराबाट पानी लिँदा अचानक उनलाई करेन्ट लागेको थियो।

घटनापछि उनलाई तत्कालै प्रादेशिक अस्पताल मलंगवा लगिएको थियो। चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए।

घटनास्थल अर्नाहा प्रहरी चौकीबाट अन्दाजी २ किमी पश्चिममा पर्छ। प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको र यसबारे थप विवरण संकलन गरिरहेको जनाएको छ।

# गभर्नरमा डा विश्वनाथ पौडेललाई नियुक्त गर्ने मन्त्रिपरिषद्को निर्णय

काठमाडौँ, ६ जेठ (रासस)।

नेपाल सरकार मन्त्रिपरिषद्को बैठकले नेपाल राष्ट्र बैङ्कको गभर्नरमा अर्थविद् डा विश्वनाथ पौडेललाई नियुक्त गर्ने निर्णय गरेको छ।

मंगलबार साँझ प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद् बैठकले उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलको संयोजकत्वमा गठित तीन सदस्यीय सिफारिस समितिको सिफारिसका आधारमा उहाँलाई नियुक्ति गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सञ्चारकर्मीलाई जानकारी दिनुभयो।

डा पौडेल राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षसमेत हुनुहुन्छ। यसअघि गभर्नर सिफारिस समिति सदस्य रहनुभएका उहाँले पछि त्यसबाट राजीनामा दिनुभएको थियो। गभर्नर नियुक्तिको विषय पछिल्लो समय निकै चर्चामा थियो।


## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुरक्षा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा नबस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रनको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : खडक नगरपालिका**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*